**नेपाली राजदूतावास**
**पेरिस, फ्रान्स**

मितिः १५ जनवरी २०२१
२ माघ २०७७

## फ्रान्समा कोरोना भाइरस संक्रमण नियन्त्रणमा आइनसकेको हुँदा यस अवधिमा कन्सुलर कामका लागि राजदूतावासमा आउनु हुने सेवाग्राहीहरूले अपनाउनु पर्ने सावधानी र प्रदान गरिने कन्सुलर सेवा सम्बन्धी सूचना !

फ्रान्समा नोभल कोरोना भाईरस (कोभिड-१९) को संक्रमण नियन्त्रणमा आउन बाँकी नै रहेको एवं यसको नयाँ प्रजाति समेत फैलन थालेको हुँदा यस अवस्थामा राजदूतावासमा आउनुहुने सेवाग्राहीहरूलले अपनाउनु पर्ने स्वास्थ्य सतर्कता र राजदूतावासले कन्सुलर सेवा प्रदान गर्ने दिन र समय निम्नअनुसार हुने कुरा सम्बन्धित सवैको जानकारीको लागि सूचना गरिएको छः

१. अत्यावश्यक नपरेसम्म राजदूतावासमा नआउन र आउनु पर्दा अनिवार्य रूपले मास्क लगाएर मात्र आउनु पर्नेछ । सोघपुछ गर्नुपर्दा मास्क नखोली गर्नु पर्नेछ । एक पटकमा दुईजना भन्दा बढी सेवाग्राहीलाई राजदूतावास भित्र वोलाइने छैन र पालो गरेर सेवा प्रदान गरिनेछ ।

२. कोभिड-१९ को तिव्ररूपमा फैलने नयाँ प्रजातिको कारण एक अर्काबाट न्यूनतम दुई मीटरको दूरी कायम गर्नुपर्नेछ। काम सकिनासाथ अर्को सेवाग्राहीलाई पालो दिन राजदूतावासबाट बाहिर गइदिन राजदूतावास अनुरोध गर्दछ ।

३. भाइरस संक्रमणबाट बच्न अपनाउनु पर्ने सावधानीलाई ध्यानमा राखी सेवाग्राहीले पेश गरेका निवेदन र कागजात केही दिन अलग्गै राखिनेछ । राजदूतावासले तोकेको समयमा लिन आउनु पर्नेछ । धेरै जरूरी भए इमेलबाट कागजपत्र पठाउन सकिनेछ । तोकेको समयमा कागज लिन आउन नसक्ने सेवाग्राहीले आफ्नो नाम र ठेगाना सहितको खाम र हुलाक खर्च राजदूतावासमा छोडेर गएमा तयार भएको कागजपत्र हुलाकबाट पठाइनेछ ।

### कागजात बुझाउने र लिन आउने दिन र समयः

| | |
|---|---|
| पेश गर्ने दिनः | सोमबार देखि शुक्रबार सम्म (सार्वजनिक विदाका दिनहरूमा वाहेक) |
| पेश गर्ने समयः | बिहान १०:३० देखि अपरान्ह १३:०० बजेसम्म |
| संकलन गर्ने समयः | मौखिक जानकारी गराइने । |

नेपाली राजदूतावास पेरिस